बैठक संख्या -

**समयः- दिनको १२.००बजे**

आज मिति २०८२ साल भदौ महिनाको ०६ गते शुक्रवारको दिन हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| (हस्ताक्षर) | श्री लक्ष्मी देवी पाण्डे | गाउँपालिका अध्यक्ष |
| (हस्ताक्षर) | श्री पूर्ण सिं राना मगर | गाउँपालिका उपाध्यक्ष |
| (हस्ताक्षर) | श्री रेवती सारु (मगर) | कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता |
| | श्री प्रेम बहादुर घर्ती | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १ |
| | श्री कृष्ण बहादुर थापा | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २ |
| (हस्ताक्षर) | श्री विष्णु राना (मगर) | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३ |
| (हस्ताक्षर) | श्री महेन्द्र पाण्डेय | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४ |
| (हस्ताक्षर) | श्री पदम बहादुर राना मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५ |
| | श्री छम बहादुर सोमै मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६ |
| | श्री उर्मिला महतो | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री तुलीसरा सोमै मगर | कार्यपालिका सदस्य |
| | श्री बिनीसरा ढेंगा मगर | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री मोतीलाल कुमाल | कार्यपालिका सदस्य |
| | श्री केमान सिंह | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री हरि प्रसाद पराजुली | सदस्य – सचिव |
| | आमन्त्रित उपस्थिती | |
| | श्री राजेन्द्र प्रसाद रेग्मी | वरिष्ठ लेखा अधिकृत |
| (हस्ताक्षर) | श्री रवि काफ्ले | प्रशासकीय अधिकृत |
| (हस्ताक्षर) | श्री रविन्द्र सापकोटा | प्रशासकीय अधिकृत |

मिति २०८२।०५।०६ गते बसेको गाउँ कार्यपालिकाका प्रस्तावहरु

प्रस्ताव नं. १ – समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ – वार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ३ – नदिजन्य पदार्थको स्टक प्रमाणित सम्बन्धमा ।

प्रस्ताव नं. ४ – सहायता सम्बन्धमा ।

प्रस्ताव नं. ५ – विद्यालय मर्मत सम्बन्धमा ।

प्रस्ताव नं. ६ – प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) पुनरावलोकन सम्बन्धमा ।

प्रस्ताव नं. ७ - जेनेरेटर खरिद सम्बन्धमा ।

प्रस्ताव नं. ८ – हरितालिका तीजको शुभकामना सम्बन्धमा ।

प्रस्ताव नं. ९ – संविधान दिवस मनाउने सम्बन्धमा ।

प्रस्ताव नं. १० – भ्रमण स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ११ – पदपूर्ति सम्बन्धमा ।

प्रस्ताव नं. १२ - जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तालिम सञ्चालन सम्बन्धमा ।

निर्णय नं. १३ – सार्वजनिक सुनुवाईको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. १४ – सवारी साधन मर्मत सम्बन्धमा ।

प्रस्ताव नं. १५ – स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयारी सम्बन्धमा ।

निर्णय गरियो । साथै घर घरमा दीप प्रज्वलन गरी दिवस मनाउन सम्पूर्ण हुप्सेकोटबासीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० – भ्रमण स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. १० का सम्बन्धमा यस गाउँपालिकाका अध्यक्ष एवं गाउँपालिका राष्ट्रिय महासंघ, नेपालका अध्यक्ष श्री लक्ष्मी देवी पाण्डे United Cities and Local Governments ASIA PACIFIC को Bureau Committee को सदस्य रहनुभएको तथा September 24-26, 2025 मा कोरियामा हुने 10th UCLG ASPAC Congress मा उहाँलाई सहभागिताको लागि आमन्त्रण भएकोमा उक्त कार्यक्रममा सहभागिताको लागि प्लेन टिकट, होटल, बास लगायतका सम्पूर्ण खर्च आयोजकबाट नै व्यहोर्ने र गाउँपालिकामा कुनै आर्थिक दायित्व नपर्ने भएकोले भ्रमण स्वीकृती लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध सहित सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ – पदपूर्ति सम्बन्धमा ।**

प्रस्ताव नं. ११ का सम्बन्धमा नेपाल सरकार सशर्त अनुदान शीर्षकमा **म स्वस्थ, मेरो समुदाय स्वस्थ कार्यक्रमः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम** मा जनस्वास्थ्य अधिकृत (सातौ) तहको व्यवस्था गरी १० महिनाको लागि बजेट विनियोजन भएकोमा उक्त पदमा एक जना करार सेवामा पदपुर्ति गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकामा देउराली प्राथामिक अस्पतालवाट बिमा सेवा संचालन गर्नका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको बिमा सम्बन्धी मापदण्ड अनुसार lab technician बाट lab report प्रमाणित गर्नु पर्ने भएकाले १ जना lab technician र अस्पतालबाट २४ सै घण्टा सेवा प्रवाह भईरहेकोमा १ जना lab assistant को समेत आवश्यक परेकोले उक्त पदमा पदपुर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ - जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तालिम सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं. १२ का सम्बन्धमा यस गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको भाद्र मसान्तभित्र क्षमता विकास तालिम सञ्चालन गरी कार्य प्रभावकारिता अभिवृद्धि गर्ने निर्णय गरियो ।